# आव २०७९/८० को बजेटमा भएका आर्थिकक्षेत्रसँग सम्बन्धित कुल६२ बुँदाहरुको प्रगतिअवस्था




पूर्ण कार्यान्वयन
(११ बुँदा)





आंशिक कार्यान्वयन
(२९ बुँदा)




शून्य प्रगति
(२२ बुँदा)

# क्षेत्रगत वर्गीकरणका आधारमा

## गत आर्थिक वर्ष २०७९/८० मा बजेट कार्यान्वयन




Created with Datawrapper

| SN | क्षेत्रहरु | कुल | शुन्य प्रगति | आंशिक कार्यान्वयन | पूर्ण कार्यान्वयन |
|---|---|---|---|---|---|
| १ | स्टार्टअप | 5 | 1 | 4 | 0 |
| २ | सूचना प्रविधि | 4 | 1 | 2 | 1 |
| ३ | पर्यटन | 8 | 5 | 2 | 1 |
| ४ | उद्योग, एसएमईज् | 9 | 3 | 5 | 1 |
| ५ | भूमि | 3 | 3 | 0 | 0 |
| ६ | वैदेशिक लगानी | 8 | 1 | 3 | 4 |
| ७ | पीपीपी | 2 | 2 | 0 | 0 |
| ८ | ऊर्जा | 4 | 0 | 3 | 1 |
| ९ | पूर्वाधार | 10 | 6 | 4 | 0 |
| १० | कृषि | 3 | 0 | 2 | 1 |
| ११ | स्वदेशी उत्पादन र निर्यात प्रवर्द्धन | 3 | 0 | 2 | 1 |
| १२ | अन्य | 3 | 0 | 2 | 1 |
| | **कुल** | **62** | **22** | **29** | **11** |

| कुल प्रावधान | शुन्य प्रगति | आंशिक कार्यान्वयन | पूर्ण कार्यान्वयन |
|---|---|---|---|
| 62 | 22 | 29 | 11 |

**सारांश**

गत आर्थिक वर्ष २०७९/८० मा सरकारको बजेट कार्यान्वयन फितलो रह्यो । गत वर्ष सरकारले रु. १७ खर्ब ९३ खर्च गर्ने लक्ष्यसहितको बजेट प्रस्तुत गरेकोमा १४ खर्ब ३० अर्ब (लक्ष्यको ७९.७ प्रतिशत) मात्रै खर्च भयो ।

यसमध्ये पनि, विकास लक्षित पूँजीगत खर्चको स्थिति कमजोर रहनपुग्यो । पूँजीगत खर्चका लागि रु. ३ खर्ब ८० अर्ब विनियोजन गरिएपनि २ खर्ब ३४ अर्ब (लक्ष्यको ६१.४५ प्रतिशत) मात्रै खर्च भयो । यसले कम्तीमा एक तिहाई पूँजीगत रकम खर्च नै हुन नसकेको देखाउँछ । गत वर्ष रु. १४ खर्ब ३ अर्ब राजस्व संकलनको लक्ष्य राखिएकोमा ७२ प्रतिशत मात्रै राजस्व उठेको छ । आम्दानी र खर्च दुबैको शिथिलताले बजेट कार्यान्वयनको कमजोरी उदांगो पार्छ ।

अधिकांश विकाससँग सम्बन्धित मन्त्रालयहरुकै बजेट कार्यान्वयन निराशाजनक छ। गत वर्ष बजेटमा उल्लेखित आर्थिक क्षेत्रसँग सम्बन्धित कुल ६२ बुँदाको कार्यान्वयनलाई समीक्षा

गर्दा अधिकांशको कार्यान्वयनमा शिथिलता देखिएको छ । बजेटमा उल्लेखित आर्थिक क्षेत्रसँग सम्बन्धित बुँदाहरुमध्ये १८ प्रतिशत मात्रै पूर्ण कार्यान्वयन भएका छन् । ४७ प्रतिशत आंशिक कार्यान्वयन भएका छन् भने ३५ प्रतिशत बुँदा कार्यान्वयन नै हुन सकेन ।

खासगरी, आर्थिक ऐनसँग सम्बन्धित करका दरमा परिवर्तन, छूट सुविधाजस्ता विषय स्वभाविक रुपमा तत्कालै कार्यान्वयनमा गएका छन् । तर, नीतिगत परिवर्तन, कानूनी सुधार तथा संरचनागत परिवर्तनसँग सम्बन्धित बजेटमा उल्लेखित बुँदाहरुको कार्यान्वयनको प्रगति निराशाजनक छ । यसले रुपान्तरणकारी सुधारका लागि आवश्यक पहलकदमी नपुगेको देखाउँछ । सबैभन्दा धेरै पूर्वाधार, पर्यटन, उद्योग तथा भूमिसँग सम्बन्धित विषयका नीति र कार्यक्रमको कार्यान्वयन नभएको देखिन्छ । बहुप्रचारित स्टार्टअप प्रर्वद्धनात्मक कार्यक्रम, रोजगारी वृद्धिका कार्यक्रम, डिजिटल सार्वजनिक सेवा प्रवाह, पूर्वाधार निर्माण, निर्यात प्रवद्र्धन, उद्यमशीलता विकास, निजी क्षेत्र प्रवद्र्धनका विभिन्न कार्यक्रमको कार्यान्वयनको प्रगति अपेक्षाअनुसार हुन सकेको देखिदैन । वैदेशिक लगानीसँग सम्बन्धित बुँदाहरु भने अधिकांश कार्यान्वयनमा गएको देखिएको छ ।

गत वर्षको बजेटको कार्यान्वयनको शिथिलताले यो वर्षको बजेट कार्यान्वयनको प्रभावकारिताका लागि आवश्यक पहलकदमी लिन मार्गनिर्देश गर्छ ।

## क) पूर्ण रुपमा कार्यान्वयन भएका बजेटका नीति र कार्यक्रम

| बुँदा | बजेटको प्रावधान | कार्यान्वयन अवस्था |
|---|---|---|
| ३९५ | नेपालबाहिर सफ्टवयेर, विद्युतीय सेवा, बिजनेस प्रोसेस आउटसोर्सिङ वा यस्तै प्रकृतिका सूचना प्रविधिमा आधारित सेवा प्रदान गरी विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई सो बमोजिमको आयमा एक प्रतिशत मात्रै कर लाग्ने व्यवस्था गरिएको छ । | आर्थिक ऐन २०७९ मार्फत पूर्ण कार्यान्वयनमा आइसकेको छ। |
| ८८ | कोभिड-१९ महामारीबाट प्रभावित होटल लगायत पर्यटन क्षेत्र सम्बद्ध व्यवसायको आर्थिक वर्ष २०७९/ ८० को वार्षिक ईजाजत र नवीकरण दस्तुर छुट दिने व्यवस्था मिलाएको छु। पर्यटन क्षेत्रको पुनरूत्थानको लागि प्रवाह हुने सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिएको छु। होटेल व्यवसायलाई नेपालमा उत्पादित खाद्यान्न, माछामासु, तरकारी लगायतका वस्तुहरू प्रयोग गर्न उत्प्रेरित गरिनेछ। | कार्यान्वयन भएको छ । बजेटको घोषणाअनुसार पर्यटन व्यवसायले २०७९/८० को वार्षिक इजाजत र नवीकरण दस्तुर छूट पाएका छन् । २०७८/७९ को व्यावसायिक करयोग्य आयामा ५० प्रतिशत छूट दिने व्यवस्थाअनुसार कम्तीमा ६ सय २६ व्यवसायीले यो सुविधा पाएका छन् । पर्यटन क्षेत्रको पुनरुत्थानको लागि पुनकर्जा सुविधा दिइएपनि राष्ट्र ब्यांकले त्यसलाई स्थगित गरिसकेको छ । यद्यपि, मौद्रिक नीतिले होटल क्षेत्रको कर्जा पुनर्तालीकीकरण र पुनर्संरचनाको सुविधा दिएको छ । |
| ५३ | लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनको लागि ठूला उद्योगसँगको अग्र तथा पृष्ठ अन्तरसम्बन्ध कायम गर्ने र करारमा वस्तु तथा सेवा उत्पादन तथा खरीद गर्ने कानूनी तथा संस्थागत व्यवस्था मिलाइनेछ। ठूला तथा मझौला उद्योगहरूले स्टार्टअपलाई सहयोग पुऱ्याउने व्यवस्था गरिनेछ। | कानूनी संरचना तयार भएर कार्यान्वयनको क्रममा छ । |

| | | |
|---|---|---|
| ३३० | वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई धितोपत्रको प्राथमिक निष्काशनमा दश प्रतिशत शेयर आरक्षित गर्ने व्यवस्था मिलाएको छु। | वैदेशिक रोजगारीमा गएका नेपालीको हकमा कार्यान्वयनमा आएको छ । |
| ६६ | विदेशी लगानीको न्यूनतम सीमा पुनरावलोकन गरी रु. २ करोड कायम गरिनेछ। | कार्यान्वयन भएको छ। |
| ६६ | वैदेशिक लगानी आकर्षित गर्न रु. १० करोड सम्मको वैदेशिक लगानीको स्वीकृति स्वचालित प्रणालीबाट हुने व्यवस्था मिलाइनेछ। | उद्योग दर्तासम्बन्धी कार्यको अनलाइन स्वचालनसम्बन्धी कार्य भइरहेको छ । |
| ६६ | ठूला लगानीकर्ताहरूले विद्युतीय माध्यमबाट प्रत्यक्ष वैदेशिक लगानी स्वीकृतिको माग गरेमा पूर्व तयारीका कार्य गर्न सक्ने गरी सात दिन भित्र प्रारम्भिक स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाइनेछ। लगानी स्वीकृति र उद्योग सञ्चालनसम्बन्धी बाँकी प्रक्रिया ६ महिनाभित्र पूरा गरी सक्नु पर्ने व्यवस्था मिलाइनेछ। | कार्यान्वयन भएको छ। |
| ७२ | मुलुकमा औद्योगिक क्षेत्रको विकास गर्न, वैदेशिक लगानी आकर्षित गर्न र उत्पादन वृद्धि एवं निर्यात प्रवर्द्धन गरी आयात प्रतिस्थापन गर्न योगदान पुग्ने गरी वार्षिक रु. १० करोडभन्दा बढीको विद्युत खपत गर्ने उद्योगलाई विद्युत महशुलमा २ देखि १५ प्रतिशत सम्म छुट दिने व्यवस्था मिलाएको छु। | कार्यान्वयन भएको छ । |
| ५६ | स्थानीय तथा प्रदेश सरकारसँगको सहकार्यमा निजी क्षेत्रलाई गुँरास, उखु, आँप, लिची, किवी, बेल, जुनार, अंगुर, स्याउ लगायतका फलफूल खेती गर्न र यस्ता फलफूलको जुस तथा वाइन उद्योग खोल्न प्रोत्साहन गरिनेछ।<br><br>अल्लो, सुपारीको पात तथा केरा लगायत वनस्पतिजन्य स्वदेशी कच्चा पदार्थमा आधारित धागो, कपडा उद्योग खोल्न निजी क्षेत्रका उद्यमीहरूलाई सहुलियत प्रदान गरिनेछ। | प्रदेश सरकारहरु र नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विभिन्न परियोजनामार्फत कृषिमा आधारित उत्पादनमूलक व्यवसाय, उद्यमलाई प्रवद्र्धन गर्न अनुदान तथा अन्य सहयोग कार्यक्रम जारी राखेका छन् । तर, ती कार्यक्रमहरुको प्रभावकारितामा प्रश्न छ । |
| ७१ | उच्च निर्यात सम्भावना भएका क्लिङ्कर, सिमेन्ट, स्टील, फुटवेयर, प्रशोधित पानी लगायतका वस्तुहरू र सूचना प्रविधिमा आधारित सेवा तथा बिजिनेस प्रोसेस आउटसोर्सिङ जस्ता सेवाहरू पहिचान गरी निर्यात प्रबर्द्धन गरिनेछ। यस्ता वस्तुको निर्यातमा ८ प्रतिशत सम्म नगद अनुदान दिने व्यवस्था मिलाएको छु। | कार्यान्वयन भएको छ ।निर्यातमा अनुदान प्रदान गर्ने कार्यविधि २०७५ को दोस्रो संसोधन स्वीकृत भई कार्यान्वयनमा आएको छ । |

| | | |
|---|---|---|
| ३८९ | नागरिकता तथा राष्ट्रिय परिचयपत्र प्रदान गर्दा कै बखत व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ। नाबालिग नागरिक समेत लगानी वा व्यवसायमा संलग्न भएमा उनीहरूलाई जन्म दर्ता वा नावालिग परिचयपत्र र अभिभावकको परिचय पत्रको आधारमा स्थायी लेखा नम्बर प्रदान गर्ने व्यवस्था मिलाएको छु। | नागरिकता तथा राष्ट्रिय परिचयपत्र प्रदान गर्दाकै बखत व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान हुने व्यवस्था कार्यान्वयनका लागि अन्तर निकाय संयुक्त समिति गठन भई अध्ययनको मस्यौदा प्रतिवेदन तयार भएको छ । नाबालिग नागरिकलाई समेत लगानी वा व्यवसायमा संलग्न भएमा उनीहरुलाई जन्मदर्ता वा नाबालिग परिचयपत्र र अभिभावकको परिचयपत्रको आधारमा स्थायी लेखा नम्बर प्रदान गर्ने व्यवस्था मिलाई विभागको एकीकृत कर प्रणालीमा सुधार गरी कार्यान्वयन शुरु भएको छ । |

**ख) आंशिक कार्यान्वयन भएका नीति र कार्यक्रम**

| बुँदा | बजेटको प्रावधान | कार्यान्वयन अवस्था |
|---|---|---|
| ५२ | युवा उद्यमशीलता विकास गर्न र नव-प्रवर्तन प्रवर्द्धन गर्न स्टार्टअप व्यवसायमा शुरूवाती पुँजी उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिनुका साथै यस कार्यक्रमको प्रभाव मूल्याङ्कन गरी सुधार गर्दै लगिनेछ। परियोजनाको आधारमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। यस्ता व्यवसायमा भेञ्चर क्यापिटल मार्फत पुँजी व्यवस्थापन गर्नुका साथै अध्ययन अनुसन्धानलाई प्रोत्साहन गरिनेछ।युवा उद्यमी तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिबाट सञ्चालन हुने व्यवसायलाई प्रोत्साहन गर्न च्यालेञ्ज फण्ड स्थापना गरी सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्धारा स्टार्टअप उद्यम कर्जा कोष कार्यविधि, २०७९ जारी । स्टार्टअप व्यवसायका लागि बढीमा २५ लाख रुपैयाँसम्म बिना धितो कर्जा सुविधाका लागि उद्योग विभागद्धारा परियोजना प्रस्ताव आह्वान गर्दा ४०० भन्दा बढी आवेदन परेपनि मापदण्डअनुसार आवेदन गर्ने करीब २०० आवेदकको मूल्यांकन भइरहेको । यो कार्यक्रम चालु आर्थिक वर्षमा पनि निरन्तर हुने । |
| १९२ | युवाहरूलाई उत्पादनमूलक उद्यममा आकर्षण गर्न तालिम तथा शैक्षिक प्रमाणपत्रका आधारमा युवा स्टार्ट अप कार्यक्रम अन्तर्गत उद्यम प्रस्तावको धितोमा सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था मिलाएको छु। | आंशिक प्रगति छ। सरकारले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि २०७५ जारी गरेको छ । तर, यस्ता सहुलियतपूर्ण कर्जाको प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन । २०८० जेठ मसान्तसम्ममा शैक्षिक प्रमाणपत्र धितो राखेर १६७ जनाले मात्रै ऋण पाएका छन् । |
| ५३ | ठूला तथा मझौला उद्योगहरुले स्टार्टअपलाई सहयोग पुर्याउने व्यवस्था मिलाइनेछ । | आंशिक कार्यान्वयन। निजी क्षेत्रका उद्योग प्रतिष्ठानले बढीमा ५ वटा स्टार्टअप व्यवसायलाई प्रति व्यवसाय रु. १ लाखसम्मको बीउ पुँजी उपलब्ध गराएमा सो रकम करयोग्य आय गणना गर्दा कट्टी गर्न पाउने व्यवस्था २०७८/७९ को बजेटदेखि नै कार्यान्वयनमा छ । यसबाहेक ठूला तथा मझौला उद्योगहरुले स्टार्टअपलाई सहयोग |

| | | |
|---|---|---|
| | | पुर्याउने अन्य कार्यक्रम अहिलेसम्म शुरु गरिएको छैन । |
| ३०० | प्रदेश तथा स्थानीय तहको लागत साझेदारी र निजी क्षेत्रसँगको सहकार्यमा नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रमलाई आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रमसँग आवद्द गरिनेछ । यस कार्यक्रमबाट आगामी आर्थिक वर्ष १ लाख नयाँ उद्योग तथा व्यवसाय थपिने, १ हजार ५ सयवटा नयाँ बजार केन्द्र स्थापना हुने, १ हजार ५ सय वटा व्यापार मेला आयोजना हुने, १ लाख रोजगारी सिर्जना हुनेछ । यसका लागि रु. ३ अर्ब विनियोजन गरिएको छ । | आंशिक कार्यान्वयन . नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम कार्यान्वयनका लागि नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ जारी गरिएको छ । विभिन्न दाता मुलुक र संस्थाको आर्थिक र प्राविधिक सहयोगमा संघ, प्रदेश र स्थानीय सरकारको साझेदारीमा यो कार्यक्रम सञ्चालन भइरहेको छ । देशभरिमा पाँच दर्जन नवप्रवर्तनका परियोजना यो कार्यक्रमअन्तर्गत छनौट गरिएका छन् । प्रादेशिक तथा स्थानीय सुशासन सहयोग कार्यक्रमअन्तर्गत सञ्चालन हुने यो कार्यक्रमका लागि आर्थिक वर्ष करीब रु. २ अर्ब २५ करोड छुट्याइएपनि अधिकांश रकम खर्च भएन । |
| २७८ | साइबर सुरक्षाको सुनिश्चतताः एक्काइसौं शताब्दीको आवश्यकता भन्ने अवधारणालाई कार्यान्वयन गर्न राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापनाको कार्य अगाडि बढाइने छ । उक्त केन्द्र लाई साइवर सुरक्षाको विषयमा अनसुन्धान सम्बन्धी अधिकार प्राप्त निकायको रुपमा विकास गरिनेछ । नेपाल सरकारका विद्युतीय<br>प्रणालीहरूको साईवर सुरक्षा परीक्षण गर्ने व्यवस्था मिलाइने छ । | आंशिक प्रगति भएको छ । साइबर सुरक्षा केन्द्र स्थापनाका लागि विस्तृत अध्ययन गर्न परामर्शदाता छनौट भई अध्ययन भएपश्चात् परामर्शदाताले अन्तिम प्रतिवेदन बुझाएको छ । मन्त्रिपरिषद्को बैठकले 'राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०' स्वीकृत गरेको छ। अहिलेसम्म केन्द्र स्थापना भइसकेको छैन र नेपाल सरकारको विद्युतीय प्रणालीहरुको साइबर सुरक्षाको परीक्षण पनि गरिएको छैन । राष्ट्रिय साइबर सुरक्षा अनुगमन केन्द्रमार्फत सूचना तथा सञ्चार पूर्वाधार, सरकारी वेबसाइट तथा वेब एप्लिकेशन, वेब सर्भिसेजमा हुन सक्ने सुरक्षा चुनौती तथा सूचना प्रविधिको माध्यमबाट हुन सक्ने अपराधजन्य गतिविधिलाई निरन्तर अनुगमन भएको छ ।सरकारी निकायका सूचना प्रविधि प्रणालीलाई सुरक्षित, भरपर्दो बनाउन र साइबर सुरक्षाको चुनौति न्यूनीकरण गर्न २०७ वटा सरकारी निकायको ३२४ वटा प्रणालीको सुरक्षा अडिट गरी सुरक्षित बनाउन सुझावसहितको प्रतिवेदन सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयमा प्रस्तुत भएको छ ।सूचना प्रविधि तथा सञ्चार मन्त्रालयले दूरसञ्चार सम्बन्धी कानूनलाई संसोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ । सूचना प्रविधि सम्बन्धी विधेयकको मस्यौदा तयार गरी छलफल भएको छ । |
| २८३ | डिजिटल नेपाल फ्रेमवक २०७६ कार्यान्वयन गरी पहिलो चरणमा संघीय मन्त्रालयहरूलाई डिजिटल कार्यालयमा रूपान्तरण गरिनेछ । | आंशिक प्रगति। सरकारले डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनका लागि विश्व ब्यांकको सहयोगमा डिजिटल नेपाल एक्सलेरेसन परियोजना शुरु गरेको छ । यो परियोजनाका लागि १४० मिलियन अमेरिकी डलर (करीब रु. १८ अर्ब) ऋण लिने सम्झौता भइसकेको छ । ५५ सरकारी सेवालाई नागरिक एपमा आवद्द गरिएको छ । त्यसैगरी, ७० |

| | | |
|---|---|---|
| | | सार्वजनिक निकायलाई एकीकृत कार्यालय व्यवस्थापन प्रणालीमा आवद्ध गरी २८ वटामा यो प्रणालीमार्फत कागजरहित सार्वजनिक सेवाको काम शुरु भएको छ । एकीकृत एसएमएस गेटवेबाट ३७ निकायले करीब एक करोड वटा एसएमएस पठाएका छन् । |
| ९० | पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ। प्रदेश सरकार र निजी क्षेत्रको सहकार्यमा पहाडी तथा हिमाली क्षेत्रमा मनोरञ्जनात्मक तथा साहसिक पर्यटनको लागि हिल स्टेशनहरू विकास गर्न प्रोत्साहन गरिनेछ। | आंशिक प्रगति। पहाडी तथा हिमाली क्षेत्रमा मनोरञ्जनात्मक तथा साहसिक पर्यटनको लागि हिल स्टेशन निर्माणका सामान्य प्रयासहरु भएका छन् । पर्यटकीय गन्तव्य पूर्वाधार विकास कार्यक्रमका लागि रु. ९० करोड २८ लाख स्थानीय तहमा निकासा भएको छ । लाकुरी भन्ज्याङ, फुल्चोकी, गुर्दुमडाँडा महाभारत ट्रेल ७० किमीमध्ये ११ किमी निर्माण भएको छ । मुक्तिनाथ क्षेत्रमा रेस्क्यु सेन्टर तथा गुरुयोजनाबमोजिम पूर्वाधार निर्माणको काम शुरु भएको छ । |
| ९१ | आरोहणका लागि खुल्ला गरिएका हिमालहरूको आधार शिविरसम्म जाने पदमार्गहरूको स्तरोन्नति गरिनेछ। पदमार्गमा सञ्चार सुविधाको पहुँच विस्तार गर्न बजेट व्यवस्था गरेको छु। उच्च हिमाली क्षेत्रमा पूर्वदेखि पश्चिमसम्म फैलिएको ग्रेट हिमालयन ट्रेलको निर्माणका लागि रु. ३३ करोड विनियोजन गरेको छु। | आंशिक प्रगति। अधिकांश हिमालहरूको आधार शिविरसम्म जाने पदमार्गहरु जीर्ण छन् । मकालु वरुण, मनास्लु, सगरमाथा हेरिटेज, टासी लाप्चापास, रुविभ्याली गणेश हिमाल, धौलागिरी राउण्ड, जुगल हिमाल, भैरवकुण्ड पाँचपोखरी, माथिल्लो मुस्ताङ ट्रेल आदि गरी १३४.५ किमी पदमार्ग निर्माण भएको छ । |
| ७८ | निर्माणाधीन औद्योगिक क्षेत्र र औद्योगिक ग्रामहरूको निर्माण कार्य समयसीमा भित्रै सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। | कार्यप्रगति उल्लेख्य छैन । घोषणा गरिएका औद्योगिक ग्राममध्ये २० वटाका लागि रकम निकासा भएपनि लक्ष्यअनुसार खर्च भएको छैन । औद्योगिक पूर्वाधार संरचना निर्माण तथा शोधभर्ना सम्बन्धी कार्यविधि २०७९ तयार भई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा कार्यान्वयनका लागि पठाइएको छ । औद्योगिक पूर्वाधार सञ्चाल र व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको मोडालिटी तयार गर्नको लागि समिति गठन भई काम शुरु भएको छ । |
| ६७ | सर्जकहरूको बौद्धिक सम्पत्ति एवं प्रतिलिपि अधिकारको संरक्षण गरिनेछ। बौद्धिक सम्पत्तिको चोरी तथा प्रतिलिपि अधिकार उल्लङ्घन गर्ने उपरको कारवाही प्रक्रियालाई प्रभावकारी बनाइनेछ। | कानून संसोधनमा कार्यप्रगति उल्लेख्य छैन । यद्यपि, बौद्धिक सम्पत्तिको चोरी तथा प्रतिलिपि अधिकार उल्लङ्घन गर्ने उपरको कारवाही प्रकृया जारी छ । |
| ६० | चितवनको शक्तिखोर लगायत सम्भावित क्षेत्रमा सार्वजनिक निजी साझेदारीमा औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन गरिनेछ। नेपाल सरकारबाट घोषणा भएका १०५ वटा | शक्तिखोर लगायत सम्भावित क्षेत्रमा सार्वजनिक निजी साझेदारीमा औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन घोषणा कार्यान्वयन भएको छैन । उद्योग परिसंघले आशय पत्र पेश गरेको भए पनि सरकारका तर्फबाट ठोस प्रगति छैन ।घोषणा गरिएका औद्योगिक |

| | | |
|---|---|---|
| | औद्योगिक ग्रामको पूर्वाधार निर्माण कार्य तीनै तहका सरकारको लागत साझेदारीमा सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। बाँकी स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्न आवश्यक तयारी गरिनेछ। दमक, मोतीपुर, दैजि र नौवस्तामा औद्योगिक क्षेत्रको पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरेको छु। | ग्राममध्ये २० वटाका लागि रकम निकासा भएपनि लक्ष्यअनुसार खर्च भएको छैन । औद्योगिक पूर्वाधार संरचना निर्माण तथा शोधभर्ना सम्बन्धी कार्यविधि २०७९ तयार भई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा कार्यान्वयनका लागि पठाइएको छ । औद्योगिक पूर्वाधार सञ्चाल र व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको मोडालिटी तयार गर्नको लागि समिति गठन भई काम शुरु भएको छ । |
| ६१ | भैरहवा र सिमरा विशेष आर्थिक क्षेत्रलाई पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ। पाँचखालस्थित विशेष आर्थिक क्षेत्रको निर्माण आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ। सुदूरपश्चिम प्रदेशको हरैया र प्रदेश नम्बर १ को सुनसरीमा विशेष आर्थिक क्षेत्रको निर्माण कार्य प्रारम्भ गरिनेछ। निर्माणाधीन औद्योगिक क्षेत्र र औद्योगिक ग्रामहरुको निर्माण कार्य समयमै सम्पन्न गरी संचालनमा ल्याइनेछ । | खासै प्रगति छैन। भैरहवाको आर्थिक क्षेत्र आंशिक रुपमा संचालनमा छ भैरहवा विशेष आर्थिक क्षेत्रमा ७ वटा उद्योग स्थापना भएका छन् । सिमराको ब्लक ए मा सम्पूर्ण प्लटहरुमा उद्योग स्थापनाको लागि अनुमति प्रदान भएको छ ।<br>सिमरा औद्योगिक क्षेत्र संचालनमा आउन सकेको छैन।पाँचखाल विशेष आर्थिक क्षेत्रमा रुख छपान नम्बरिङ कार्य भइरहेको छ । |
| ६३ | लघु, घरेलु र साना उद्योग प्रवर्द्धनका लागि मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रमलाई विस्तार गरिनेछ। स्थानीय तहको लगानी र पहलमा स्थापना भएका उद्योगहरूको व्यवस्थापकीय सुधार, प्राविधिक जनशक्तिको आपूर्ति, प्याकेजिङ, ब्राण्डिङ र बजारीकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु। अति विपन्न र सीमान्तकृत वर्गका नागरिकहरूलाई निजी क्षेत्रसमेतको सहभागितामा कार्यस्थलमा आधारित रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध मिलाएको छु। | आंशिक कार्यान्वयन भएको छ । मागमा आधारित प्रविधि हस्तान्तरणका लागि कार्यविधि तयार भएको छ ।लघु, घरेलु तथा साना उद्योग प्रवद्र्धन केन्द्रबाट स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु र साना उद्यामलाई प्रविधि हस्तान्तरण गर्न २२ जना उद्यमी छनौट भएका छन् । कार्यस्थलमा आधारित रोजगारमूलक सीपमूलक तालीम सञ्चालनका लागि २३८ जनालाई तालिम दिइएको छ । |
| ६५ | उत्पादनमूलक एवं निर्यातजन्य उद्योगमा वैदेशिक लगानी आकर्षण गर्न एवं गैर आवासीय नेपालीको लगानी भित्र्याउन वैदेशिक लगानीसम्बन्धी कानून तथा प्रक्रियामा सुधार गरिनेछ। | गैर आवासीय नेपालीको लगानीमा स्थापना हुने लगानीकम्पनीमा लगानीको सीमा हटाइएको छ । |
| ३३० | धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानी खुला गर्न कानूनी व्यवस्था मिलाइनेछ। | धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानी खुला गर्न कानूनी व्यवस्था गर्ने प्रस्ताव गरिएको छ । धितोपत्र बोर्डले यससम्बन्धी आवश्यक कार्य गर्ने प्रस्ताव अघि बढाएको छ । |
| ७९ | वैदेशिक लगानी आकर्षित गर्न सम्भावित मुलुकहरूसँग द्विपक्षीय समझदारी एवं दोहोरो करमुक्ति सम्झौता गरिनेछ। | थप कुनै पनि देशसँग नयाँ सम्झौता भएको छैन ।तर, वैदेशिक लगानी आकर्षित गर्न सम्भावित मुलुकहरुसँग द्विपक्षीय वार्ता र छलफल भइरहेको छ । |

| | | |
|---|---|---|
| २५० | राष्ट्रिय तथा अन्तर्देशीय विद्युत प्रसारण लाइनको सुदृढीकरण, विस्तार एवं स्तरोन्नति गरी विद्युत प्रसारण एवं वितरण प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाइनेछ। नदी बेसिनमा आधारित ४०० के.भी. स्तरका कर्णाली कोरिडोर, भेरी कोरिडोर र अरूण कोरिडोर प्रसारण लाइनको सार्वजनिक निजी साझेदारीमा वित्तीय स्रोत सुनिश्चित गरी निर्माण प्रक्रिया अगाडि बढाइनेछ। | आंशिक प्रगति छ ।प्रसारण लाइनहरुको निर्माणमा पहलकदमी लिइएको छ ।कर्णाली करिडोर ४०० केभी प्रसारण लाइन आयोजना अन्तर्गत दोधारा–बेतन–फुकोट प्रसारण लाइनका लागि ठेक्का सम्झौता भएको छ । नेपाल भारत प्रसारण लाइन आयोजनाअन्तर्गत फाउन्डेसन खन्ने, टावर इरेक्शन गर्ने रुख कटान तथा क्षतिपूर्ति र मुआब्जा वितरण कार्य सकिएको छ । |
| २४० | आगामी दुई वर्ष भित्र सबै नागरिकहरुलाई विद्युत सुविधा उपलब्ध गराइनेछ । ठुला र जलाशययुक्त आयोजनाको लागि श्रोत व्यवस्थापन सहित लघु तथा मझौला जलविद्युत र नवाकरणीय उर्जाको विकास गरि जलश्रोतको बहु-उपयोग गरिनेछ । निर्माणाधिन जलविद्युत आयोजनाहरू र प्रशारण लाइन निर्माण गर्नुका साथै सबस्टेशनहरु निर्माण गरी विद्युतको निर्वाध आपूर्तिको प्रत्याभूति गरिनेछ । आर्थिक विकास र व्यापार सन्तुलन कायम गर्ने मुख्य उपकरणको रुपमा विध्युतीय उर्जाको विकास गरिनेछ । द्विपक्षीय व्यापार सम्झौता गरी आन्तरिक खपतबाट बचत भएको ऊर्जा निर्यात गरिनेछ । | आंशिक रुपमा कार्यान्वयन भएको छ । व्यापार घाटा कम गर्नका लागि विद्युत निर्यात सुरु भइसकेको छ ।गत आर्थिक वर्षमा विद्युत् निर्यातबाट रु. १० अर्ब आम्दानी भएको छ । दुई आर्थिक वर्षभित्र शतप्रतिशत विद्युतीकरण गर्न ठेक्काका लागि बोलपत्र आह्वान भएका छन् । नेपाल र बंगलादेशबीच ५० मेगावाट विद्युत् निर्यातको सम्झौता भएको छ । १९ जलविद्युत आयोजनाहरुबाट उत्पादन हुने जम्मा १०७३ मेवा विद्युतको स्वीकृतिको लागि भारत सरकार समक्ष प्रस्ताव पेश गरिएको छ । अहिलेसम्म ४५२ मेवा निर्यातको अनुमति प्राप्त छ ।भारतसँग दीर्घकालीन विद्युत् व्यापार सम्झौता भएको छ । |
| २४९ | डिजेल बोईलरलाई क्रमशः विद्युतीय बोईलरले विस्थापन गरिनेछ। | उद्योगहरुलाई विद्युत् खपत बढाउन विद्युत् महशुलमा छूट घोषणा गरी कार्यान्वयन शुरु भएको छ । |
| ९५ | मुक्तिनाथ र उपल्लो मुस्ताङलाई जोडने सडक स्तरोन्नति गरिनेछ। | आंशिक प्रगति । मुक्तिनाथ र उपल्लो मुस्ताङलाई जोड्ने सडक स्तरोन्नतिमा उल्लेख्य काम भएको छैन । जोमसोमदेखि कोरलासम्म निर्माणमा गइसकेको छ । मालढुंगादेखि कोरलासम्मको २०० किमीमध्ये २५ किमी कालोपत्रे नै भइसकेको छ । |
| ९५ | वीरेठाँटी- मुक्तिनाथ केवलकार पूर्वाधार तयार गर्न निजी क्षेत्रलाई सहजीकरण गरिनेछ। | आंशिक प्रगति । यो परियोजनाको डीपीआर सम्पन्न गएको छ । वातावरणीय प्रभाव मुल्यांकन (इआइए) को काम को काम सकिएको छ । यद्यपि यस केबलकारको माग वा आवश्यकताको आकलनको कोणबाट अहिलेसम्म अध्ययन भएको छैन । यसैले लगानी जुट्ने र निर्माणमा जाने तहमा प्रगति भएको छैन । |

| | | |
|---|---|---|
| २१३ | काठमाडौंदेखि चितवनको यात्रा एक घण्टामा गर्ने गरी चन्द्रागिरी-चित्लाङ-पालुङ-चितवन द्रुत मार्ग पहिलो चरणमा निर्माण गर्ने | आंशिक प्रगति । चन्द्रागिरी–चित्लाङ–पालुङ–चितवन एक्सप्रेस वे परियोजनाको पूर्वसम्भाव्यता अध्ययन सम्पन्न भई प्रारम्भिक प्रतिवेदन तयार भएको छ । अब आयोजना हुने लगानी सम्मेलनमा विडिङका लागि लैजाने लगानी बोर्डको योजना छ। |
| २१४ | सरकारले निर्माण गर्ने ठूला र रूपान्तरणकारी पूर्वाधार आयोजनामा लगानी गर्ने गरी हरित ऋणपत्र निस्काशन गरी पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाइनेछ। | हरित ऋणपत्र निष्कासन गरी पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाउने विषयसँग सम्बन्धित विनियमावली मन्त्रीपरिषद्मा पेश भएको छ । |
| ५७ | अलैची, बेसार, अदुवा, लसुन, टिम्मुर, दालचिनी, धनियाँ, जीरा, खुर्सानी जस्ता मसलाजन्य वस्तुको उत्पादन वृद्धि गरी आन्तरिक माग पूर्ति गर्नुका साथै निर्यात गरिनेछ। यस्ता उत्पादनको प्रशोधन गर्ने उद्योग सञ्चालन गर्ने निजी क्षेत्रलाई सहुलियत दिइनेछ। | विभिन्न मसलाजन्य बालीको उत्पादन र प्रशोधनमा सरकारी निकायहरुले अनुदानसहितका सुविधा घोषणा गरेका छन् । अदुवासहितका बालीको निर्यात भएपनि कयौं बालीको आयात गर्नुपर्ने स्थिति छ ।बेसार प्रशोधन र प्याकेजिङको लागि प्राविधिक सहयोग गरिएको छ । |
| ११९ | वन पैदावारको आपूर्ति बढाउन र कृषकको आम्दानी वृद्धि गर्न देशव्यापी रूपमा कृषि, वन तथा वृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिनेछ। निजी जग्गामा रहेका रूख विरूवा कटान गरी कृषि बाली सरह ओसारपोसार गर्न पाउने गरी कानूनी व्यवस्था गरिनेछ। निजी क्षेत्रको सहभागितामा उत्पादित काठको गुणस्तर अभिवृद्धि गर्न काठ सिजनिङ तथा ट्रिटमेण्ट प्लाण्ट सातै प्रदेशमा स्थापना गर्न सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने व्यवस्था गरिनेछ। | कृषि, वन तथा वृहत्तर हरियाली प्रवर्द्धनका विभिन्न कार्यक्रम विभिन्न सरकारी निकायद्धारा कार्यान्वयनका क्रममा छन् । तर, कानूनको अभावमा निजी जग्गामा रहेका रूख विरूवा कटान गरी कृषि बाली सरह ओसारपोसार गर्न कठिन अवस्था छ । |
| ५० | स्वदेशी वस्तुको उत्पादन र प्रयोग बढाउन आफ्नै उत्पादन आफ्नै उपभोग अभियान सञ्चालन गरिनेछ। सरकारी तथा सार्वजनिक निकायहरूमा स्वदेशी उत्पादन प्रयोग गर्नुपर्ने व्यवस्था मिलाइनेछ। निजी क्षेत्रले सञ्चालन गरेका मेक इन नेपाल तथा मेड इन नेपाल जस्ता अभियानलाई नेपाल सरकारबाट समेत आवश्यक सहयोग उपलब्ध गराइनेछ। | आंशिक प्रगति । सरकारबाट आफ्नै उत्पादन आफ्नै उपभोग अभियान सञ्चालन भएको छैन । तर निजी क्षेत्रले अघि बढाएको मेक इन नेपाल - स्वदेशी अभियानलाई सरकारले ग्रहण गरेको छ । तर यसलाई आन्तरिक उत्पादन बढाउने व्यापक अभियानका रुपमा सहयोग भने अझै पुगेको छैन। नेपाल उद्योग परिसंघले मुख्यगरी आफ्नै पहलमा यसलाई अघि बढाइरहेको छ । |

| | | |
|---|---|---|
| ६८ | निरन्तर बढिरहेको आयातले वैदेशिक मुद्राको सञ्चितिमा ह्रास, चालु खाता तथा शोधनान्तर घाटा बढ्न गई अर्थतन्त्रमा चाप सिर्जना भएको छ। स्वदेशमा उत्पादन, उपभोग र निर्यात समेतको प्रचुर सम्भावना भएको कृषि, उद्योग र जलविद्युत तथा सेवा क्षेत्रको प्रवर्द्धन गरी आयात प्रतिस्थापन र निर्यात वृद्धि गरिनेछ। नेपालमा आयात हुने प्रमुख वस्तुहरूको गुणस्तरको मापदण्ड बनाई लागु गरिनेछ। | निर्यात प्रवद्र्धनका लागि निर्यातमा अनुदान लगायतका पहलकदमी लिइएको छ । निर्यात प्रवद्र्धन तथा आयात प्रतिस्थापनका लागि नेपालमा आयात हुने प्रमुख वस्तुहरुको गुणस्तरका लागि मापदण्ड तयार गरी लागू गर्न कम्तीमा २९ वटा नेपाल गुणस्तर मापदण्ड प्राविधिक समितिबाट पारित भएको छ । |
| ४१७ | संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा रहेको करको प्रशासन तथा संकलन कार्यलाई व्यवस्थित गरी दोहोरोपन हुन नदिन अध्ययन गरी आवश्यक प्रबन्ध गरिनेछ। | संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा रहेको करको प्रशासन तथा संकलन कार्यलाई व्यवस्थित गरी दोहोरोपन हुन नदिन अध्ययन प्रतिवेदन प्राप्त भई कार्यान्वयनको क्रममा रहेको छ । |
| ८२ | घरायसी र व्यापारिक प्रयोजनको लागि प्रयोग हुने एल.पी. ग्याँसको वितरण प्रणाली पुनरावलोकन गरिनेछ। | घरायसी र व्यापारिक प्रयोजनको लागि एलपी ग्याँस वितरणसम्बन्धी ढाँचा तयार भई कार्यान्वयनमा रहेको छ । |

**ग) कार्यान्वयन नभएका बजेटका नीति र कार्यक्रम**

| बुँदा | बजेटको प्रावधान | कार्यान्वयन अवस्था |
|---|---|---|
| १९३ | स्थानीय तह, बैंक र वित्तीय संस्थाको सहकार्यमा बिजनेस इन्क्युबेसन सेन्टरमार्फत १० हजार युवालाई उद्यमशीलता तालीम प्रदान गरिनेछ । | उल्लेख्य प्रगति छैन । इन्कुबेशन सेन्टर स्थापनाका लागि हरेक प्रदेशलाई २१ देखि २७ लाखसम्म बिनियोजन, तर स्टार्टअप नीति तथा कार्यविधि अभावमा सेन्टर स्थापनाको काम अघि बढेको छैन।<br>निजी क्षेत्रको साझेदारीमा हेटौडामा बिजनेस इन्क्युवेशन सेन्टर सञ्चालनका लागि कार्यविधिको मस्यौदा तयार भएको छ । |
| २८१ | सूचना तथा प्रसारण विभागको क्षमता अभिवृद्धि गरी डिजिटल प्लेटफर्म अनलाइन टेलिभिजनको नियमन र | परिमाणमुखी काम भएको छैन। |

| | | |
|---|---|---|
| | अनुगममनलाई प्रभावकारी बनाइनेछ । | |
| ८६ | नेपालको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आय आर्जन र समृद्धिको आधारको रूपमा स्थापित गरिनेछ। आगामी वर्ष थप १० लाख पर्यटक भित्र्याउने गरी कार्यक्रम सञ्चालन गरिनेछ। नेपालको भौगोलिक विविधता र विकटतालाई पृथक र नवीन पर्यटकीय थलोको रूपमा विकास गरी नयाँ पुस्तालाई नेपाल भ्रमणको लागि आकर्षित गरिनेछ। दिगो विकास तथा वातावरण संरक्षणतर्फ संवेदनशील हुँदै उच्च मूल्यका हरित पर्यटन तथा पर्या पर्यटन प्रवर्द्धन गरिनेछ। | बजेटको घोषणाअनुरुपका काम कार्यान्वियन भएको छैन । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०७९ साउनमा पर्यटनसम्बद्ध ७४ वटा 'पुनरुत्थान कार्यक्रम' घोषणा गरेपनि कार्यान्वियन छैन । |
| १०१ | नेपाल नागरिक उड्डयन प्राधिकरणको पुन:संरचना गरी सेवा प्रदायक र नियामकको रूपमा छुट्टाछुट्टै निकाय स्थापना गरिनेछ। | प्रगति छैन । एक दशकदेखि प्राधिकरणको पुनःसंरचना गरी सेवा प्रदायक र नियामकको रूपमा छुट्टाछुट्टै निकाय स्थापनाको चर्चा भएपनि कार्यान्वयन भएको छैन । अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले प्राधिकरण पुनर्सरचना गर्न सुझाव दिँदै आएको छ । नियामक निकाय र सेवा प्रदायक छुट्याउने नेपाल हवाई सेवा विधेयक संसदमै अलपत्र पर्न गयो । ।<br>नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक २०७९ र नेपाल हवाई सेवा प्राधिकरण विधेयक २०७९ को मस्यौदा कानून, न्याय र संसदीय मामिला मन्त्रालयमा रायका लागि पुगेको छ ।<br>नेपाल नागरिक उड्डयन प्राधिकरण नै सेवा प्रदायक र नियामक छुट्याउने कुरामा सकारात्मक छैन । |
| ९२ | छिमेकी मुलुक भारत र चीनबाट पर्यटन आगमन वृद्धि गर्न सीमावर्ती शहर, ठूला शहर र शैक्षि संस्थाहरुमा पर्यटन मेला तथा रोड शो जस्ता विशेष कार्यक्रमहरु नेपाल पर्यटन बोर्डमार्फत सञ्चालन गरिनेछ । | घोषित यी कार्यक्रमहरु आयोजना हुन सकेका छैनन् । भर्चुअल तरिकाले मात्र पाटा ट्राभल मार्ट लगायत विभिन्न मञ्चमा पर्यटन प्रवर्द्धन गरिएको छ। |
| ९३ | सगरमाथा क्षेत्रमा पर्वतारोहण अनुसन्धान केन्द्र र शेर्पाहरुको साहसिक पहिचान झल्किने संग्रहालय स्थापना गरिनेछ । पाँचसय वर्षभन्दा पूराना हिमली गुम्बाहरुको संरक्षणको लागि हिमाली गुम्बा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । काठमाडौं महानगरपालिकासँगको सहकार्यमा एक नेवाः संग्रहालय स्थापना गरिनुका साथै पोखरामा गुरुङ मौलिक | प्रगति छैन । पर्वतारोहण अनुसन्धान केन्द्र र संग्रहालय स्थापनाको काम अघि बढेको छैन । नेवा संग्रहालयसहितका घोषित कार्यक्रम कार्यान्वयन हुन बाँकी छ । गुम्बा संरक्षणका लागि लागतका तुलनामा कम बजेट विनियोजन भएकाले बहुवर्षीय खरिद योजना स्वीकृतिका लागि प्रस्ताव पेश गरिएको । |

| | | |
|---|---|---|
| | संस्कृति संरक्षण गुरुयोजना कार्यान्वयन गर्न सहयोग गरिनेछ । | |
| ९४ | पर्यटकीय गन्तव्यहरुमा खानेपानी, शौचालय, सरसफाइ, ढल व्यवस्थापन, साइकल लेन, निशुल्क इन्टरनेट लगायतको सुविधा उपलब्ध गराउने प्रबन्ध गरेको छु । | दश पर्यटकीय गन्तव्यमा निशुल्क इन्टरनेट र डिजिटल इन्फरमेसन डिस्प्ले स्थापनाका लागि अवधारणापत्र तयार भई स्थान छनौटको काम भइरहेको छ । तर खानेपानी, शौचालय, साइकल लेन आदिको प्रबन्ध राजधानी उपत्यकाकै पर्यटकीय गन्तव्यहरु पाटन, भक्तपुर, पशुपतिनाथ लगायतमा नै हुन सकेको छैन, अन्यत्रका पर्यटकीय गन्तव्यहरुमा यिनको प्रबन्धमा झनै प्रगति छैन। |
| ७६ | नेपालबाट निकासी हुने वस्तुहरूको सहज निकासीको लागि गुणस्तर परीक्षण गर्न विद्यमान प्रयोगशालाहरूलाई अन्तर्राष्ट्रियस्तरको प्रयोगशालाका रूपमा स्तरोन्नति गरिनेछ। | प्रगति छैन। |
| ७७ | निजी क्षेत्रलाई आर्थिक वृद्धिको इञ्जिनको रूपमा स्थापित गरिनेछ। निजी क्षेत्रको लगानी, उद्यमशीलता र अनुभवलाई मुलुकको आर्थिक विकासमा परिचालन गर्न व्यवसायमैत्री वातावरण निर्माण गरिनेछ। कानून तथा कर प्रणालीमा सुधार र पूर्वाधार सुविधा उपलब्ध गराई उद्योग व्यवसाय गर्न लाग्ने समय र लागत घटाइनेछ । | कानुन तथा कर प्रणालीमा सुधार, स्तरीय औद्योगिक पूर्वाधारको विकास लगायतमा आवश्यक काम भएको छैन । यससम्बन्धी कानूनी सुधारका लागि संसदमा विधेयकहरु पेश भएका छैनन् । |
| ७८ | निजी क्षेत्रका रुग्ण उद्योगहरूलाई सञ्चालनमा ल्याउन उत्प्रेरित गरिनेछ। | कार्यप्रगति उल्लेख्य छैन । रुग्ण उद्योगसम्बन्धी कार्यहरु औद्योगिक तथा लगानी प्रवद्र्धन कोष सञ्चालन कार्यविधि बमोजिम अगाडि बढाइएको छ । |
| ६५ | उद्योग स्थापनाको लागि आवश्यक पर्ने जग्गाको हदबन्दीसम्बन्धी व्यवस्था पुनरावलोकन गरिनेछ। | बजेटमा घोषणा भए पनि यो विषयलाई कानुनी रुपमा सम्बोधन गर्नेतर्फ हालसम्म कुनै प्रगति भएको छैन । |
| ६५ | उद्योग सञ्चालनका लागि ५० वर्षसम्म जग्गा लीजमा दिन सकिने व्यवस्था मिलाइनेछ। | कार्यान्वयन भएको छैन । |
| ८१ | उद्योग व्यवसाय वा प्रतिष्ठानको नाममा रहेको हदवन्दीभन्दा बढी जग्गा धितो राखी कर्जा लिन, व्यवसाय टाट उल्टेमा विक्री गरी सरकारी राजस्व तिर्न र बैंक तथा वित्तीय संस्थाको कर्जा भुक्तानी गर्न पाउने व्यवस्था गरिनेछ। | कार्यान्वयन भएको छैन । |
| ८० | निजी क्षेत्रलाई १०० भन्दा बढी युनिट रहने अपार्टमेन्टको बढीमा २० प्रतिशत युनिट विदेशी नागरिकलाई विदेशी | कार्यान्वयन भएको छैन । |

| | | |
|---|---|---|
| | मुद्रामा विक्री गर्न अनुमति दिने गरी कानूनी व्यवस्था गरिनेछ। | |
| ३४० | अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा थप सहजता ल्याउन र रणनीतिक महत्त्वको क्षेत्रमा राज्यको उपस्थिति सुदृढ बनाउन सघाउ पुग्ने गरी आधुनिक व्यवस्थापकीय मान्यता अनुकूल सञ्चालन गर्न क्रमशः संस्थानहरूको पुनर्संरचना गरिनेछ। घाटामा सञ्चालित सार्वजनिक संस्थानहरूको संस्थागत सुशासनलाई सुदृढ गरी वित्तीय क्षमता सबलीकरण गर्न व्यवसायिक सुधार र रणनीतिक साझेदार भित्र्याउन कम्पनी मोडलमा परिवर्तन गर्ने लगायतका उपयुक्त विधि अवलम्वन गरिनेछ। | संस्थानहरुको पुनर्संरचना, संस्थागत सुशासनलाई सुदृढ गरी वित्तीय क्षमता सबलीकरण गर्न विदेशी रणनीतिक साझेदार भित्र्याउने सम्बन्धमा कुनै पनि प्रगति भएको छैन । |
| ३४१ | सार्वजनिक संस्थानहरूको भौतिक र वित्तीय सम्पत्तिको सूचना प्रविधिमा आधारित एकीकृत अभिलेख राख्ने व्यवस्था मिलाइनेछ। रूग्ण तथा बन्द प्राय अवस्थामा रहेका जनकपुर चुरोट कारखाना, कृषि औजार कारखाना, गोरखकाली रबर उद्योग, ओरियण्ट एण्ड म्याग्नेसाईट, नेपाल मेटल कम्पनी, विराटनगर जुट मिल, वीरगञ्ज चिनी कारखाना, हेटौडा कपडा उद्योग र बुटवल धागो कारखाना उपयुक्त ढाँचामा सञ्चालनमा ल्याइनेछ। सार्वजनिक पदधारण गर्ने व्यक्तिहरूले हेटौडा कपडा उद्योगबाट उत्पादित कपडाको पोशाक प्रयोग गर्ने व्यवस्था मिलाइनेछ। | प्रगति लगभग शून्य छ । वीरगञ्जस्थित कृषि औजार कारखाना पुनः संचालनको सोचका साथ राष्ट्रिय आविष्कार केन्द्रलाई उपयोगका लागि दिइएको छ । यसबाहेक उल्लेखित अन्य कुनै पनि काम भएका छैनन् । |
| २१३ | चितवन-रामपुर-बुटवल, चितवन-रामपुर-पोखरा द्रुतमार्ग निजी क्षेत्रको लगानीमा निर्माण गर्न लगानी बोर्ड नेपाल मार्फत प्रक्रिया अघि बढाइनेछ। | खासै प्रगति छैन । आधारभूत अवधारणा पत्र (बेसिक कन्सेप्ट नोट) तयारीको चरणमा छ। |
| २१३ | मिर्चैया-लुक्ला-सगरमाथा द्रुतमार्ग समेत निजी क्षेत्रको लगानीमा निर्माण गर्ने प्रवन्ध मिलाइनेछ। | अहिलेसम्म उल्लेख्य काम भएको छैन। यो आयोजनाको अवधारणापत्रको काम भएको छ । |
| २१३ | मध्यपहाडी राजमार्गबाट जुम्ला-रारा-छायाँनाथ-लिमिसम्म नयाँ प्रविधिमा आधारित पर्यटकीय मार्ग निर्माणको लागि निजी क्षेत्रलाई आह्वान गरिनेछ। | उल्लेख्य काम भएको छैन । |

| | | |
|---|---|---|
| २१३ | आयोजनाहरूको सम्भाव्यताको विश्लेषण गरी आवश्यक भएमा पूर्वाधार निर्माणको लागि सरकारले सम्भाव्यता न्यून परिपूर्ति (भीजीएफ) रकम उपलव्ध गराउने व्यवस्था मिलाइनेछ। | हालसम्म यसबारे कुनै पनि तालुक निकायबाट प्रगति भएको छैन । |
| ७३ | नेपाली निर्माण व्यवसायीहरूलाई विदेशमा निर्माण व्यवसाय गर्न अनुमति प्रदान गर्ने कानूनी प्रबन्ध मिलाइनेछ। यसबाट सेवा निर्यातको थप अवसर सिर्जना हुने विश्वास लिएको छु। | प्रगति छैन । यसका लागि आवश्यक कानुनमा संशोधन गर्नुपर्ने हुन्छ, जसका लागि अहिलेसम्म कुनै गृहकार्य भएको छैन । |
| ३३४ | सम्पत्ति मौद्रिकीकरण विधि मार्फत नेपाल सरकार तथा सरकारी संघसंस्थाको लगानीमा निर्माण भएका जलविद्युत आयोजना, ठूला पूर्वाधार र सार्वजनिक संस्थानहरूको मौद्रिकीकरण गरी लगानीको थप स्रोत जुटाई सम्बन्धित आयोजना, संस्थान र उत्पादनमूलक परियोजनाहरूमा लगानी गर्न साधनको व्यवस्थापन गरिनेछ। | प्रगति छैन । |